// पैयूँ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ४ संख्याः ४ मितिः २०७८/०७/१७

भाग-२

# पैयूँ गाउँपालिका

# कृषि तथा पशुमा युवा प्रबर्धन कार्यक्रम संचालन कार्यविधि, २०७८

**प्रस्तावना**

कृषि व्यवसायलाई मर्यादित एवम् व्यवस्थित गर्न युवाहरुलाई कृषि तथा पशु क्षेत्रमा आकर्षित गरी स्वरोजगार प्रवर्द्धन मार्फत यस गाउँपालिका एवं कृषि क्षेत्रबाट युवा पलायनलाई न्यूनीकरण गर्दै गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुऱ्याउने उद्देश्यले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाले "कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७८" स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नामः **"कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७८"** हुनेछ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागू हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"कार्यालय"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

२. **"वडा कार्यालय"** भन्नाले पैयूँ गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ।

३. **"शाखा"** भन्नाले पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कृषि शाखा र पशु सेवा शाखालाई सम्झनु पर्नेछ।

४. **"सेवा केन्द्र"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन हुने कृषि तथा पशुपन्छी सेवा प्रसार कार्यको लागि कृषकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेका कृषि वा पशुपन्छी शाखाको ईकाइ कार्यालयलाई सम्झनु पर्नेछ।

५. **"अध्यक्ष"** भन्नाले पैयूँ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ।

६. **"उपाध्यक्ष"** भन्नाले पैयूँ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

७. **"कार्यपालिका सदस्य"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको सदस्यहरूलाई सम्झनु पर्नेछ।

८. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

९. **"शाखा प्रमुख"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा वा पशु सेवा शाखा प्रमुखलाई सम्झनु पर्नेछ।

१०. **"मूल्याङ्कन तथा छनौट समिति"** भन्नाले यस कार्यविधि बमोजिमको दफा ७ को उपदफा (१) बमोजिमको समितिलाई सम्झनु पर्नेछ।

११. **"कृषि तथा पशुपन्छी व्यवसाय"** भन्नाले कृषि व्यवसाय तथा पशुपन्छी पालन व्यवसाय, कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, बजारीकरण गर्ने **"व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७८"** बमोजिम दर्ता भएको व्यवसायलाई सम्झनु पर्नेछ।

१२. **"अनुदान"** भन्नाले कृषि तथा पशुपन्छीमा युवा कार्यक्रम कार्यान्वयन अन्तर्गत कृषि, मत्स्य र पशुपन्छी पालन सम्बन्धी उत्पादन, उत्पादन वृद्धिका लागि प्रयोग हुने औजार उपकरणहरु प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण लगायतका कार्यहरुमा अनुदान प्रदान गरिने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्नेछ।

१३. **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने युवा कृषक/उद्यमीलाई सम्झनु पर्नेछ।

१४. **"युवा"** भन्नाले १८ वर्ष देखि ४५ वर्ष सम्मको उमेर भएका व्यक्तिलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

### ३. कार्यक्रम संचालनको उद्देश्यहरू :

१.कृषि क्षेत्रको सम्भाव्य स्थानहरुमा व्यवसाय प्रवर्द्धन गरी बाली सघनतामा वृद्धि गर्दै जमिनको उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउने।

२.सुविधा अपुग भई कृषिको व्यवसायीकरण गर्न नसकेका कृषकहरूलाई व्यवसायमा सहयोग गरी खाद्यान्न, तरकारी, नगदे बाली खेती, पशुपन्छीपालन लगायत विभिन्न सम्भाव्य बाली वस्तुहरूको प्रबर्द्धनबाट उत्पादन र आय आर्जन वृद्धि गर्ने।

३.आधुनिक कृषि प्रविधि तथा उन्नत प्रविधिको प्रयोगबाट गुणस्तरीय कृषि उत्पादन गरी मूल्य अभिवृद्धि गर्ने।

४.खाद्यान्न, नगदे, तरकारी बाली, पशुपन्छीपालनको उत्पादनमा आधुनिक प्रविधि र यान्त्रीकरणको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने साथै उत्पादन लागत घटाउने।

५.कृषि क्षेत्रको व्यवसायीककरण मार्फत स्वरोजगारी एवम् उत्साही युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्ने ।

## परिच्छेद ३

### ४. कार्यक्रम संचालन प्रकृयाः

#### क) कृषि तर्फः

**साझेदारी**

पुर्वाधारमा कम्तिमा २५% र कृषि उत्पादन समाग्रीहरु (बीउ, वेर्ना, विरुवा, कृषि औजार उपकरण) मा कम्तिमा ५०% कृषकको साझेदारी हुने।

१) बेमौसमी ताजा तरकारी उत्पादन तथा विस्तारमा बढीमा प्रति वडा २ वटा संचालन गरिनेछ।

२) फलफूल खेती विस्तारमा प्रति वडा १ वटा संचालन गरिनेछ।

३) तरकारी तथा फलफूल नर्सरी स्थापनामा प्रति वडा १ वटा संचालन गरिनेछ।

४) मौरीपालनमा प्रति वडा १ वटा संचालन गरिनेछ।

५) च्याउ खेती विस्तारमा बढीमा गाउँपालिका भित्रका ३ वटा ( टकलाक/त्रिवेणी/बेउलीवास-१, हुवास/चिसापानी-१ र सरौंखोला/भोर्ले-१) क्षेत्रमा संचालन गरिनेछ।

**प्रोत्साहन**

१) युवा कृषक प्रोत्साहन कार्यक्रममा प्रत्येक वडाबाट १ जना नघट्ने गरी बढीमा ९ जना कृषकलाई प्रोत्साहन गरिनेछ।

#### ख) पशुपन्छी तर्फः

**साझेदारी**

१) व्यवसायिक गाईभैसीपालनमा स्तर वृद्धि/नस्ल सुधार/पूर्वाधार निर्माण/मर्मत तथा सुधारमा प्रति वडा १ वटा संचालन गरिनेछ।

२) बाख्रा पालनमा स्तर वृद्धि/नस्ल सुधार/पूर्वाधार निर्माण/मर्मत तथा सुधारमा बढीमा प्रति वडा २ वटा संचालन गरिनेछ।

३) बंगुर पालनमा स्तर वृद्धि/पूर्वाधार निर्माण/मर्मत तथा सुधारमा बढीमा प्रति वडा १ वटा संचालन गरिनेछ।

४) स्थानीय कुखुरा पालनमा स्तर वृद्धि/पूर्वाधार निर्माण/मर्मत तथा सुधारमा बढीमा प्रति वडा १ वटा संचालन गरिनेछ।

५) माछापालनमा स्तर वृद्धि/पूर्वाधार निर्माण/मर्मत तथा सुधारमा बढीमा प्रति वडा १ वटा संचालन गरिनेछ।

६) मासु पसल/दुग्ध डेरी पसल मर्मत तथा सुधार गर्न गाउँपालिका भित्रका वढिमा ३ वटामा संचालन गरिनेछ।

**<u>प्रोत्साहन</u>**

१) युवा कृषक प्रोत्साहन कार्यक्रममा प्रत्येक वडाबाट १ जना नघट्ने गरी बढीमा ९ जना कृषकलाई प्रोत्साहन गरिनेछ।

## ५. कार्यक्रमको प्रस्ताव माग गर्ने :

१. यस कार्यविधि अनुसार संचालन हुने कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रमको पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि शाखा तथा पशु सेवा शाखा मार्फत संचालन हुनेछ।कार्यक्रम संचालन पूर्व गाउँपालिकाले अनुसुची-१ बमोजिम कम्तिमा २१ दिनको सूचना प्रकाशित गर्नेछ।साथै उक्त सुचना कार्यालयको वेबसाइट तथा वडा कार्यालयले सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ।

२. गाउँपालिकाको सम्बन्धित शाखाले कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रमको माग गर्ने ईच्छुक कृषकबाट अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन संङ्कलन गर्नुपर्नेछ।

३. निवेदन साथ आवेदकले अनुसूची-३ बमोजिमको व्यवसायको कार्य योजना प्रस्ताव पेश गर्नुपर्नेछ।

४. युवा कृषकले नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, जग्गा धनी प्रमाण-पत्रको प्रतिलिपी वा ५ वर्ष सम्म जग्गा लिजमा लिएको कागजात, प्रचलित ऐन बमोजिम गाउँपालिकाको कार्यालयमा दर्ता भएको फर्मको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस साथ निवेदन पेश गर्नुपर्नेछ।

## ६. आवेदकको योग्यता/शर्तः

१) यस कार्यक्रम अनुसार प्रस्ताव पेश गर्ने आवेदकहरुको योग्यता एवं शर्तहरु निम्नानुसार हुनेछः

क) गाउँपालिका भित्रको १८ देखि ४५ वर्ष सम्मको स्थायी बसोवास गरेको नेपाली नागरिकलाई प्राथमिकता दिइनेछ।साथै निरन्तर रुपमा व्यवसाय सञ्चालन गरेका व्यावसायिहरुलाई उमेर हद लाग्ने छैन ।

ख)व्यवसाय संचालन हुने स्थानको आफ्नै स्वामित्वमा जग्गा भएको (जग्गाको क्षेत्रफल र भोगाधिकार खुल्ने प्रमाण) वा एकाघरको जग्गा भए कार्यक्रम संचालन गर्न मञ्जुरीनामा, वा लिजमा लिएको भएमा ५ वर्ष सम्म भाडामा जग्गा लिएको सम्झौताको प्रतिलिपी,

ग) कुल लागतको पुर्वाधारमा कम्तिमा २५% र कृषि उत्पादन समाग्रीहरु (बीउ, वेर्ना, विरुवा, पशु नस्ल सुधार, पशु संख्या वृद्धि, कृषि औजार उपकरण) मा कम्तिमा ५०% व्यहोर्ने क्षमता रहेको पुष्टि गर्ने कागजात,

घ)विगत २ वर्षमा गाउँपालिका र अन्य कुनै निकायबाट उस्तै प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

## ७. मूल्याङ्कन तथा छनौट समितिः

१. कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरूको मुल्याङ्कन तथा छनौट गर्न देहाय बमोजिमको ६ सदस्यीय समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |

| | | |
|---|---|---|
| (ग) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | सदस्य |
| (घ) | कृषि पशु तथा सहकारी समितिको संयोजक | सदस्य |
| (ङ) | लेखा प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (च) | कृषि/पशुसेवा शाखाको शाखा प्रमुख | सदस्य सचिव |

२. उक्त समितिले बैठकमा बढीमा दुई जना विषयसंग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

३. समितिबाट मुल्याङ्कन एवम् सिफारिस भएका आवेदकहरूको छनौट सम्बन्धि निर्णय दफा ७ को उपदफा (१) बमोजिमको समितिले गर्नुपर्नेछ।सम्बन्धित शाखाले कार्यक्रम कार्यान्वयन हुने क्षेत्रसँग सम्बन्धित वडा कार्यालयसँग आवश्यक समन्वय र सहजीकरणको काम गर्नेछ।

## ८. मूल्याङ्कन मापदण्ड :

१.कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरूको मुल्याङ्कन मापदण्ड देहाय बमोजिमको हुनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधार | साझेदारी अनुदान अंकभार | सुचक र अंकभार | कैफियत |
|---|---|---|---|---|
| **क)** | **आवेदकसँग सम्बन्धित** | **७०** | - | - |
| १. | व्यवसाय स्थल | १० | - | - |
| १.१ | सम्बन्धित वडाको व्यक्तिले सम्बन्धित वडा भित्र व्यवसाय संचालन गर्ने भएमा | १० | सम्बन्धित वडा-१० | नागरिकता वा सम्बन्धित वडाको सिफारिस |
| १.२ | एक वडाको व्यक्तिले अन्य वडा भित्र व्यवसाय संचालन गर्ने भएमा | ८ | अन्य वडा-८ | नागरिकता वा सम्बन्धित वडाको सिफारिस |
| २. | वैदेशिक रोजगारबाट फर्केका वा भिसा रद्द गरी बसेको भएमा | १० | भए-१०, नभए-० | बैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाण वा भिसा |
| ३ | आवेदकको परिवार भित्रको व्यक्ति कोभिड-१९ प्रभावित भई मृत्यु भएमा | १० | | गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमाण कागजात। |

| | | | | |
|---|---|---|---|---|
| ४ | सम्बन्धित विषयमा व्यवसायिक तालिम लिएको भएमा | १० | १-३ दिनको भएमा-४, १-७ दिनको भएमा-६, १-१५ दिनको भएमा-८, १५ दिन भन्दा माथीको भएमा-१०, नलिएको-० | सम्बन्धित निकायबाट तालिम प्राप्त गरेको प्रमाणपत्र |
| ५. | व्यवसाय अनुभव | ५ | ४ वर्ष भन्दा माथी भएमा-५, ३ वर्ष भएमा-४, २ वर्ष भएमा-३ ,१ वर्ष भएमा -२ र १ वर्ष भन्दा कम भएमा-१ | व्यवसाय दर्ता प्रमाण पत्र र व्यवसायको निरन्तरता। |
| ६. | लक्षित वर्ग सामाजिक समूहमा आवद्ध | १० | एकल/दलित महिला-१०, महिला-५, दलित-५ अपाङ्ग भएमा-१०, नभएमा-० | नागरिकता प्रमाणपत्रको आधारमा/ सम्बन्धित निकायबाट प्राप्त प्रमाणपत्र |
| ७. | उमेर समूह | १५ | १८-४५ भएमा-१५, ४५ देखि माथी भए-१० | नागरिकता प्रमाणपत्रको आधारमा |
| **ख)** | **व्यवसायसँग सम्बन्धित** | **२०** | | |
| १. | प्राविधिक पक्ष | १० | अति उत्तम-१०, उत्तम-८, मध्यम-६, न्युन-४ | सवल प्रविधि, उपलब्धता, स्थानीय हावापानी एव. भुगोलसँग सम्बन्धित |
| २. | बजार पक्ष | १० | अति उत्तम-१०, उत्तम-८, मध्यम-६, न्युन-४ | बजारको स्थिति र सम्भावनाका आधारमा |
| **ग)** | **नविनतम सोच** | **१०** | | |
| १. | प्रस्तावको आधारमा | १० | अति उत्तम-१०,उत्तम-८, मध्यम-६, न्युन-४ | समग्र प्रस्तावको आधारमा वा समितिको रायका आधारमा |
| **जम्मा** | | **१००** | | |

## ९. प्रस्ताव मूल्याङ्कन तथा छनौटः

१. सम्वन्धित शाखा र वडा कार्यालयको प्रतिनिधिको उपस्थितिमा आवेदकको अनुगमन गरी प्रतिवेदनको आधारमा दफा ८ को उपदफा १ मा तोकिए बमोजिमको मूल्याङ्कन मापदण्ड अनुसार मूल्याङ्कन तथा छनौट समितिले छनौट गर्नेछ।

२. मूल्याङ्कीत भई छनौट भएका आवेदकहरुलाई प्राविधिकबाट लागत अनुमान तयार गरी अनुसूची-४ बमोजिमको सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेद ५
## साझेदारी अनुदान र प्रोत्साहन

### १०. रकम र भुक्तानी प्रक्रिया :

**क) साझेदारी अनुदानः**

तरकारीबाली, फलफुलबाली, मत्स्य पालन, पशुपन्छीपालनमा कुल लागतको पुर्वाधारमा बढिमा ७५% र कृषि उत्पादन समाग्रीहरु (बीउ, वेर्ना, विरुवा, पशु नस्ल सुधार, पशु संख्या वृद्धि, कृषि औजार उपकरण) मा बढिमा ५०% गाउँपालिकाले अनुदानग्राहीलाई सम्बन्धित शाखा वा प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन बमोजिम अनुदान रकम उपलब्ध गराउनेछ ।

**नोटः ब्रोइलर कुखुरापालक युवा व्यवसायीको हकमा पूर्वाधार विकासमा मात्र अनुदान प्रदान गरिनेछ।**

**ख) प्रोत्साहनः**

प्राप्त आवेदनहरु मध्येबाट कृषि/पशुसेवा शाखाको रायका आधारमा कार्यपालिका बैठकको निर्णयबाट छनौट गरिनेछ।

### ११. विविध :

१) दफा ७ को उपदफा (१) अनुसार गठित समितिको बैठकको लागि कृषि शाखा/पशुसेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रमको खर्चबाट नियमानुसार बैठक र फिल्ड भत्ता उपलब्ध गराउनेछ।

२) गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाबाट अनुदान प्राप्त कृषकहरूले काम नगर्ने अनुदानग्राहीलाई गाउँपालिकाले अनुदान रकम रोक्का गर्न सक्नेछ। यस कार्यविधि अनुसार अनुदानको दुरूपयोग गरेमा अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१२. बाधा अडकाउ फूकाउ :** यस कार्याविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सोको निरूपण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ। साथै यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन्।

**१३. संशोधन :** यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

# अनुसूची १

(दफा-५ को उपदफा-१ सँग सम्बन्धित)

**कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मिति : २०७...../ /

यस पैयूँ गाउँपालिकाको कृषि शाखा/पशुसेवा शाखा अन्तर्गत आ.व. ......../........ मा वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संचालन गरिने कृषि तथा पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रमको लागि ईच्छुक गाउँपालिका भित्रका कृषक/कृषि फर्मले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा तोकिएको ढाँचामा विवरण भरी देहाय अनुसारको कागजातहरू र निवेदन सहित पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि/पशुसेवा शाखामा पेश गर्न सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल :

<table>
<tr><th>क्र. सं.</th><th>अनुदान को किसिम</th><th>साझेदारी अनुदान सहयोग</th><th>आवश्यक कागजातहरू</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>कृषिमा युवा प्रवर्द्धन कार्यक्रम</td><td>(बेमौसमी तरकारी, फलफूल बाली उत्पादन, तरकारी तथा फलफूल नर्सरी स्थापना, मौरीपालन, च्याउ खेतिमा बीउ वेर्ना, कृषि औजार उपकरण, पूर्वाधार निर्माण/मर्मतमा साझेदारी अनुदान सहयोग)</td><td rowspan="2">क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>ख) अनुसूची-२ बमोजिमको निवेदनको ढाँचा,<br>ग) अनुसूची-३ बमोजिमको कार्य योजना प्रस्तावना,<br>घ) व्यवसाय संचालन हुने स्थानको आफ्नै स्वामित्वमा जग्गा भएको (जग्गाको क्षेत्रफल र भोगाधिकार खुल्ने प्रमाण) वा एकाघरको जग्गा भए कार्यक्रम संचालन गर्न मञ्जुरीनामा, वा लिजमा लिएको भएमा ५ वर्ष सम्म भाडामा जग्गा लिएको सम्झौताको प्रतिलिपी,<br>ङ) कुल लागतको पुर्वाधारमा कम्तिमा २५% र कृषि उत्पादन समाग्रीहरु (बीउ, वेर्ना, विरुवा, पशु नस्ल सुधार, पशु संख्या वृद्धि, कृषि औजार उपकरण) मा कम्तिमा ५०% व्यहोर्ने क्षमता रहेको पुष्टि गर्ने कागजात,<br>च) विगत २ वर्षमा गाउँपालिका र अन्य कुनै निकायबाट उस्तै प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र,<br>छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,<br>ज) बैदेशिक रोजगारबाट फर्केको भए भिसा रद्द भएको प्रमाण, एकाघरको परिवार कोभिड-१९ बाट मृत्यू भएको भए प्रमाण कागजात, एकल महिला भए प्रमाणपत्र पेश गर्नुपर्नेछ।</td><td rowspan="2"></td></tr>
<tr><td>२.</td><td>पशुपन्छी विकास कार्यक्रम मा युवा प्रवर्द्धन</td><td>(व्यवसायिक गाईभैसीपालन, बाखापालन, बंगुरपालन, स्थानीय कुखुरापालन, माछापालन, मासुपसल/ दुग्ध डेरी पसलमा स्तर वृद्धि/ पुर्वाधार निर्माण/ मर्मत/ सुधारमा साझेदारी अनुदान सहयोग)</td></tr>
</table>

**थप जानकारीका लागि सम्पर्क :**

टोल फ्री नं. १६६०६७२००१, टेलिफोन नं. ०६७-४११९०१, ०६७-४११९०२

ईमेल ठेगाना : paiyungapa@gmail.com

वेबसाइट : www.paiyunmun.gov.np

अनुसूची-२

(दफा-५ को उपदफा-२ सँग सम्बन्धित)

**कार्यक्रम मागको निवेदनको ढाँचा**

मितिः ...................................

श्री कार्यालय प्रमुख ज्यू,
पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत।

**विषयः साझेदारी अनुदान/प्रोत्साहन कार्यक्रममा समावेश गरिदिनुहुन।**

तँहा कार्यालयको मिति .................. मा प्रकाशित सूचना अनुसार कृषि/पशुपन्छीमा युवा प्रवर्द्धन कार्यक्रममा साझेदारी अनुदान/प्रोत्साहन कार्यक्रमको लागि ................................... निवासी/स्थित ................................. लाई ...................................... मा अनुदान/प्रोत्साहन समावेश गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु।

निवेदक

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नं.

संस्थाको नामः

संस्थाको छापः

अनुसूची-३

(दफा-५ को उपदफा-३ सँग सम्बन्धित)

## व्यवसायको कार्य योजना प्रस्तावको ढाँचा

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) नाम :

ख) ठेगाना

जिल्ला : न.पा/गा.पा. : वडा नं. : टोल :

ग) संस्था तथा फर्मको नाम :

घ) स्थायी लेखा नम्बर :

ङ) ठेगाना

जिल्ला : न.पा./गा.पा. : वडा नं. : टोल :

च) पारिवारीक विवरण :

पुरूष : महिला : जम्मा :

छ) सम्पर्क नम्बर :

ज) कार्यक्रम संचालन हुने कार्यस्थल :

झ) अन्य संस्था वा निकायबाट सहयोग प्राप्त गरेको भए सो रकम :

**२. प्रस्तावित कार्यक्रमको मुख्य उद्देश्य :**

क)

ख)

**३.** बैदेशिक रोजगारबाट फर्केको भए उल्लेख गर्ने। ............................ वर्ष/महिना

**४.** सम्बन्धित विषयमा तालिम लिएको भए दिन/महिना उल्लेख गर्ने। .....................

**५.** कार्य अनुभव भए उल्लेख गर्ने। ................................................. वर्ष/महिना

**६. कृषि व्यवसायको हालको अवस्था :**

| क्र.सं. | क्रियाकलापहरु | हालको व्यवसाय | व्यवसायको क्षेत्रफल (रोपनी) मा | वार्षिक उत्पादन अनुमानित | वार्षिक कुल अनुमानित आम्दानी (रु.) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

| जम्मा | | | |
|---|---|---|---|

७. प्रस्तावित कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरू :

| क.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

८. **लागत साझेदारी :** (कुल लागतको पुर्वाधारमा कम्तिमा १५% र कृषि उत्पादन समाग्रीहरु (बीउ, वेर्ना, विरुवा, पशु नस्ल सुधार, पशु संख्या वृद्धि, कृषि औजार उपकरण) मा कम्तिमा ५०% व्यहोर्ने गरि उल्लेख गर्ने)

| क.सं. | विवरण | जम्मा खर्च (रु.) | अनुदान उपलब्ध गराउँने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| जम्मा | | | | |

९. भावी व्यवसायिक सोचः

क) .

ख) .

ग) .

अनुसूची-४

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## <u>सम्झौता-पत्र</u>

मितिः..........................

**श्री ................................** (यस पछि दोस्रो पक्ष भनिने छ) र **पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय** (यस पछि प्रथम पक्ष भनिने छ) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक-एक प्रति लियौं/दियौं।

१. सम्झौता गर्ने पक्ष र कार्यालयः

क) कृषक/फर्मबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिः

१) नामः **श्री .....................**

२) प्रतिनिधित्व गर्नेको नामः **श्री ....................................**

३) ठेगानाः **............................**

ख) कार्यक्रम स्थलको विवरणः

ठेगानाः पैयूँ गाउँपालिका ........, ........................., पर्वत।

ग) कार्यक्रम कार्यान्वयन अवधिः

शुरू हुने मितिः **...................** सम्पन्न हुने मितिः **.........................**

घ) कार्यक्रम सम्बन्धी विवरणः

१. कार्यक्रमको नामः **.....................................................**

२. कार्यक्रमको कूल लागत **रु. ................**

प्रथमपक्ष **रु......................** दोस्रो पक्षबाट **रु. ......................**

ङ) सम्झौताका शर्तहरूः

१) सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

२) दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि मात्र काम शुरू गर्नु पर्नेछ।

३) दोस्रो पक्षले कार्यक्रम अन्तर्गत क्रियाकलापहरू संचालन गर्दा गाउँपालिका वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

४) दोस्रो पक्षले कार्यक्रम अन्तर्गत संचालन भएको क्रियाकलापहरूको कार्य सम्पन्न प्रतिवेदन प्राविधिकबाट तयार गरी/गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान/प्रोत्सान रकम भुक्तानी दिइनेछ। यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रूपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न गर्नु पर्नेछ।

५) प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु. ..................... ( अक्षरेपी ......................) मा नबढ्ने गरी

नियमानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ।

६) दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित दोस्रो पक्षको हुनेछ।

७) दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पुर्ण कामकारवाही कार्यक्रमको स्वीकृत क्रियालाप र लागत अनुमान अनुसार सम्पन्न गरी कार्यक्रम संचालनमा ल्याउनु पर्नेछ।

८) दोस्रो पक्षले कार्य शुरू गर्नु भन्दा पूर्व, कार्य संचालन हुदै गरेको र सम्पन्न भैसकेपछिको फोटोहरू अन्तिम भुक्तानीको लागि पेश गरिने बील भरपाईका साथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ।

९) गाउँपालिकाबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रूपमा आवश्यक सहयोग गर्नु पर्नेछ।

१०) निर्माण कार्य अथवा यस सम्बन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

११) दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

१२) दोस्रो पक्षले यस साझेदारी अनुदान अन्तर्गत निर्माण भएको पूर्वाधार साथै कृषि जन्य यन्त्र उपकरणहरु, नस्ल सुधारको खरिद पशु चौपायहरु कम्तिमा २ वर्षसम्म विक्री वितरण गर्न पाईने छैन्, कुनै कारणबस विक्री वितरण गर्नुपर्ने भएमा प्रथम पक्षको सहमतिमा गर्नुपर्नेछ।

१३) सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ।

१४) यो सम्झौतामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ।

**उपरोक्त बमोजिमको कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्नेः**

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

**रोहोवरः**

दस्तखतः

नामः

शाखाः

संस्थाको तर्फबाटः

| दाँया | वाँया |
|---|---|
| | |
| संस्थाको छाप | |
| | |

कार्यालयको छापः

| |
|---|
| |

आज्ञाले,

केशव लामिछाने

प्रमुख प्रशासकीय अधिकृत